# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपाल र विश्व बैंकका Country Director बीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग विश्व बैंकका नेपालका लागि Country Director Mr. Qimiao Fan को नेतृत्वमा आएको चार सदस्यीय टोलीले वैशाख १६ गते भेटवार्ता गऱ्यो ।



नेपालका लागि भर्खरै नियुक्त हुनुभएको Country Director Mr. Fan को स्वागत गर्दै गभर्नर डा. नेपालले राष्ट्र बैंक वित्तीय तथा आर्थिक स्थिरता कायम गर्नका लागि सधैं कटिबद्ध रहेको जानकारी गराउनुभयो ।

भेटवार्ताको क्रममा गभर्नर डा. नेपाल र Mr. Fan को बीच देशको वर्तमान आर्थिक स्थितिको बारेमा छलफल भयो । यस दौरान २०७२ वैशाखको महाभूकम्प तथा लामो समयसम्म चलेको राष्ट्रको दक्षिणी सिमा अवरोधका कारण अर्थतन्त्रमा परेको प्रभावका साथै कच्चा तेलको निरन्तर घट्दो मूल्यको कारण खाडी मुलुकबाट आउने विप्रेषणमा पर्न सक्ने असरका बारेमा समेत विस्तृत छलफल भयो ।

पुनर्निर्माण कार्यले तीव्रता लिएपछि मुद्रास्फिति बढ्न सक्ने सम्भावना रहेको तर यसो भएमा परिस्थितिसँग जुझ्न नेपाल राष्ट्र बैंक सदाझैं सक्षम तथा तयार रहेको जानकारी गभर्नर डा. नेपालले गराउनुभयो ।

**२०७३ वैशाख १६, बिहीबार** | **गभर्नरको कार्यालय**